Bouddhik Abhiyan: A Multidisciplinary Peer-reviewed Journal
Vol.VIII, Issue 1: PP 117-132, 2023, July
ISSN: 25050915 (Print)
DOI: https://doi.org/10.3126/bdkan.v8i01.57798
Nepal Progressive Professors' Association, Koshi Province, Nepal

# स्नातकोत्तर तहको सेमेस्टर प्रणालीमा आन्तरिक मूल्याङ्कन प्रक्रिया

रमेशप्रसाद लुइटेल[1*]

[1]*उपप्राध्यापक, शिक्षा योजना तथा व्यवस्थापन, त्रिवि, धनकुटा बहुमुखी क्याम्पस, धनकुटा*

*[*]इमेल : rluitel36@gmail.com*

**लेखसार**

*स्नातकोत्तर तहको सेमेस्टरप्रणालीमा आन्तरिक मूल्याङ्कन प्रक्रिया भन्ने शीर्षकमा आधारित भई यो लेख तयार पारिएको छ । यसको मुख्य उद्देश्य आन्तरिक मूल्याङ्कन प्रणालीको वर्तमान अवस्थापत्तालगाई त्यसमा देखिएका समस्या समाधानको उपाय सुझाउनु रहेको छ । यो अध्ययन मुख्यगरी गुणात्मक ढाँचामा आधारित भई तयार पारिएको छ । तथ्याङ्क सङ्कलन गर्न अन्तर्वार्ता, प्रश्नावली,छलफल जस्ता साधनहरूको प्रयोग गरी निष्कर्षमा पुगिएको छ । सेमेस्टर प्रणाली सुरूवाती अवस्थाको चरणमा नै हुनु वार्षिक प्रणालीमा भन्दा यसमा धेरै कुरा फरक पर्नु, पठन पाठन समयमा समाप्तगर्न कठिन हुनु, विद्यार्थीहरू नियमित रूपमा अध्ययनकालागि कलेजमा आउनुपर्ने,शिक्षण सिकाइमा सक्रिय सहभागी हुनुपर्ने, ४०% अङ्कभारको मूल्याङ्कनमा उपस्थितिलाई ५अङ्क,कक्षा सहभागितालाई ५अङ्क त्यसपछि क्रमशः प्रथम आन्तरिक परीक्षा १०, दोस्रो १० र तेस्रो १० अङ्कको कार्यभारको मूल्याङ्कन सम्बन्धित विषय शिक्षकले लिई मूल्याङ्कन गर्नुपर्नेमा विद्यार्थी नियमित रूपले कक्षामा नआउनु, कक्षामा विद्यार्थी नै नआउँदा शिक्षकले केका आधारमा मूल्याङ्कन गर्ने प्रष्ट नहुनु मूल्याङ्कन प्रक्रियामा पूर्वाग्रहको सम्भावना हुनुले आन्तरिक मूल्याङ्कनको विश्वासनीयतामा नै प्रश्न चिह्न उठेको छ । यसको निराकरण गर्न विद्यार्थीलाई कक्षामा अनिवार्य उपस्थिति गराउने वातावरण सृजना गर्नुपर्ने, आन्तरिक मूल्याङ्कनका लागि शिक्षकलाई प्रश्नपत्र निर्माण सम्बन्धमा तालिम दिनुपर्ने, मूल्याङ्कन प्रक्रियामा विश्वासनीयता बढाउन एक आपसमा अन्तर विषय मूल्याङ्कनगर्नुपर्ने तथा सबै विद्यार्थीलाई पढ्ने अवसर दिलाउन र नियमित उपस्थितिको वातावरण सृजना गर्न*

*विश्वविद्यालयले विशेष नीति ल्याए सेमेस्टर प्रणालीको प्रभावकारी कार्यन्वयन हुन जान्छ र आन्तरिक मूल्याङ्कन प्रक्रिया पनि प्रभावकारी हुन्छ ।*

*मुख्य शब्द :* आन्तरिक मूल्याङ्कन, सेमेस्टर, सत्र, क्रेडिट आवर, सूचक

**परिचय**

स्नातकोत्तर तहलाई विश्वविद्यालय स्तरको उच्च तहको रूपमा लिइन्छ । यसको उद्देश्य राज्यलाई आवश्यक पर्ने उच्च स्तरको जनशक्ति तयार पार्नु रहेको छ (रा.शि.प.यो., २०२८) । पहिले २०७२ सालअघि विश्वविद्यालयको स्नातकोत्तर तहमा वार्षिक प्रणालीअनुरूपमा नै पठन-पाठन हुन्थ्यो । दुई वर्षे कार्यक्रममा पठनपाठन कार्य समाप्त हुने प्रावधान थियो । उपलब्धि मूल्याङ्कनका लागि त्रि.वि. परीक्षा नियन्त्रण कार्यालयले वार्षिक रूपमा परीक्षा लिन्थ्यो । विषय अनुसारका सबै प्रश्न उसले बनाउने, परीक्षा लिने, मूल्याङ्कन गर्ने र नतिजा प्रकाशन गर्ने गर्थ्यो । २०७३ सालपछि त्रि.वि. ले स्नातकोत्तर तहको पठनपाठन प्रक्रिया र मूल्याङ्कन पद्धतिमा व्यापक फेरबदल गरी पाठ्यक्रममा परिवर्तन गऱ्यो । २ वर्षे स्नातकोत्तर तहलाई चार सेमेस्टरमा विभाजन गरी प्रत्येक सेमेस्टरमा ६-६ महिनाको समय अवधि निर्धारण गरी सोही अनुसार पठनपाठन र मूल्याङ्कन गर्ने व्यवस्था गरियो । परम्परागत मूल्याङ्कन प्रणालीलाई परिवर्तन गरी ६० प्रतिशत अङ्कको बाह्य परीक्षा केन्द्र वा परीक्षा नियन्त्रण कार्यालयले लिने ४० प्रतिशतको आन्तरिक मूल्याङ्कन सम्बन्धित विषय शिक्षकले गर्ने र सबै प्राप्ताङ्कलाई जोडेर विद्यार्थीको स्तर निर्धारण गर्ने कार्यको थालनी गरियो । त्यसैले यो लेखमा शिक्षकले गर्ने ४० प्रतिशतको मूल्याङ्कन प्रक्रिया कस्तो छ ? कसरी गरिन्छ भन्ने विषयमा विशेष चर्चा गरिएको छ (त्रिपाठी, २०१८) ।

सेमेस्टर प्रणालीलाई नेपालीमा 'सत्र' प्रणालीका नामले चिनिने भएपनि सेमेस्टर शब्द नै बढी प्रचलित छ । नेपालीमा पनि अङ्ग्रेजी भाषाको Semester शब्द नै प्रचलनमा छ । अङ्ग्रेजीमा Semester भन्ने शब्द Latin भाषाको (six) तथा mensis (month) को संयुक्त शब्द semistris (six-month) बाट उत्पन्न भएको हो (अलि १९९६ पृ.२५७) । उन्नाइसौं शताब्दीको प्रारम्भबाट जर्मन भाषामा ल्याटिन भाषाको semistris, फ्रेन्च भाषामा semistre, जर्मन भाषामा semester शब्दका रूपमा प्रचलित हुनथाल्यो र हाल विश्वव्यापी रूपमा यो स्वीकृत शब्द बनिसकेको छ । तसर्थ शैक्षिक सन्दर्भमा अर्धवार्षिक शैक्षिक कार्यक्रमलाई नै सेमेस्टर प्रणालीको नामले चिन्न सकिन्छ । विश्वमा हाल क्वाडमेस्टर, ट्राइमेस्टर, सेमेस्टरर वार्षिक गरी चार किसिमका शैक्षिक प्रणालीहरू प्रयोगमा आएका छन् (पौडेल, २०७४) ।

क्वाडमेस्टर प्रणालीमा एक शैक्षिक वर्षलाई बराबर चार भागमा विभाजन गरिन्छ, ट्राइमेस्टर प्रणालीमा एक शैक्षिक वर्षलाई बराबर तीन भागमा विभाजन गरिन्छ । सेमेस्टरमा एक शैक्षिक वर्षलाई बराबर दुई भागमा विभाजन गरिन्छ । वार्षिक प्रणालीमा भने १२ महिनाको एक शैक्षिक सत्र हुन्छ । यद्यपि शैक्षिक प्रणालीमा अहिलेसम्म सेमेस्टरर वार्षिक कार्यक्रम नै बढी प्रयोगमा आएका छन् (मजुम्दर, २०१०) । सिद्धान्ततः कुनै पनि शैक्षिक प्रणाली आफैँमा राम्रो वा नराम्रो हुँदैन र प्रत्येक प्रणालीका आ-आफ्नै गुण र दोष हुन्छन् राम्रो नराम्रो त्यसको प्रयोग गराइमा भर पर्छ (पौडेल, २०७४) । प्रणाली सञ्चालन गर्नका लागि जिम्मा लिएका व्यक्तिहरूले कति इमान्दारितापूर्वक काम गर्छन् त्यसमा नै त्यसको सफलता र असफलता निर्भर रहन्छ । यदि शैक्षिक प्रणालीको मर्मअनुसार सञ्चालित हुने हो भने सेमेस्टरलाई नै अहिले उत्तम प्रणालीको रूपमा मान्न थालिएको छ । विश्वका धेरै राम्रा र नाम चलेका विश्वविद्यालयमा यही प्रणाली लागु छ । छिमेकी देश भारतका पनि अधिकांश विश्वविद्यालयमा सेमेस्टर प्रणाली प्रति आकर्षण बढ्दै गएको छ र यो प्रणाली लागु गरिसकेका छन् (खनाल, २०७६ क) ।

सेमेस्टर प्रणाली यस अर्थमा पनि प्रभावकारी मानिन्छ कि यहाँ विद्यार्थीको विभिन्न हिसाबले मूल्याङ्कन गरिन्छ । नियमित गृहकार्य दिइन्छ, विद्यार्थी र शिक्षक दुवै कक्षामा नियमित उपस्थित हुनुपर्छ । कक्षा सहभागिता कक्षा कार्यको जाँच गरिन्छ आन्तरिक परीक्षा लिइने हुँदा विद्यार्थीहरू सधैँ अध्ययनमा व्यस्त रहन्छन् । शिक्षक विद्यार्थी दुवै बिच पर्याप्त अन्तरक्रिया हुन्छ । जसले गर्दा विद्यार्थी अझ नियमित भई बढी सिक्ने मौका पाउँछन् । विद्यार्थीको नियमित रूपमा मूल्याङ्कन हुने हुँदा उनीहरू अनुशासित र सधैँ पढाइमा दत्तचित्त रहन्छन् भने वार्षिक प्रणालीमा जस्तो वर्षभरि पढेर अन्त्यमा एकै पटक परीक्षा दिनु पर्ने बोझ हुँदैन । त्यसैले छोटो समयमा अध्ययन गर्ने तत्कालै परीक्षा हुनेहुँदा परीक्षा राम्रो गर्छन्, क्रेडिट आवरअनुसार पठनपाठन हुने हुँदा तोकिएको पाठ्यवस्तु शिक्षण गरी सक्नुपर्ने हुन्छ । ६ महिनाको एक शैक्षिक सत्रअर्न्तगत ६ महिनाभित्रमा नै सामान्यतः विद्यार्थी भर्ना, अध्ययन र परीक्षा सकेर सातौँ महिनामा अर्को सेमेस्टर) परीक्षा भएको एक महिना भित्र परीक्षाफल प्रकाशन, निरन्तर तथा विकेन्द्रित मूल्याङ्कन प्रणाली, परीक्षा फल प्रकाशन निरन्तर तथा विकेन्द्रित मूल्याङ्कन प्रणाली ग्रेडिङ प्रणालीका आधारमा विद्यार्थीको मूल्याङ्कन, सहभागितामूलक तथा अन्तरक्रियात्मक शिक्षण विधि, सिकाइमा आधारित पाठ्यक्रम, विद्यार्थीको नियमित उपस्थिति तथा विषय शिक्षकलाई पनि बढी जिम्मेवारी बनाउनु यसको मुख्य विशेषता हुन् ।

त्रिभुवन विश्वविद्यालयमा सर्वप्रथम वि.सं.२०३० सालमा पहिलो पटक लागु गरिएको यो प्रणाली करिव ६ वर्ष पनि राम्ररी चल्न सकेन भने केही अध्ययन संस्थान र सङ्कायमा विभिन्न समस्याका बाबजुद कामचलाउ रूपमा चलेको थियो। विश्वबैंकको आर्थिक सहयोगमा त्रि.वि.को उच्च शिक्षामा देखिएको गिर्दो शैक्षिक स्तरलाई सुधार गर्न र पठनपाठनलाई स्तरीय बनाई दक्ष जनशक्ति उत्पादन गर्ने थलोको रूपमा विकास गर्न दोस्रो उच्च शिक्षा परियोजना लागु गर्ने भए पछि वि.सं.२०७० सालमा त्रि.वि.ले आफूलाई शैक्षिक उत्कृष्टताको केन्द्रका रूपमा विकास गर्ने उद्देश्यका साथ आफ्ना सबै शैक्षिक कार्यक्रमहरूमा चरणबद्ध रूपमा सेमेस्टर प्रणाली लागु गर्ने निर्णय लियो (अधिकारी, २०७४)। फलस्वरूप सोही वर्ष त्रि.वि. ले केन्द्रीय विभागका स्नातकोत्तर तहमा यसलाई लागु गऱ्यो। हाल त्रि.वि. अन्तर्गत सबै क्याम्पसमा स्नातकोत्तर तहमा सेमेस्टर प्रणाली लागु भइरहेको छ।

वार्षिक प्रणाली एउटै पाठ्यांशमा पनि विषयवस्तुको विविधता हुन्छ तर सेमेस्टर प्रणालीमा एउटा पाठ्यांशमा प्रायः एउटै प्रकृतिका सीमित विषयवस्तु समेटिएका हुन्छन्। यसमा मासिक रूपमा परीक्षण प्रक्रिया सम्पन्न हुन्छ तर वार्षिक प्रणालीमा केहीमा अर्धवार्षिक र प्रायः वार्षिक रूपमा परीक्षण प्रक्रिया सम्पन्न हुन्छ। नियमित रूपमा अध्ययन तथा परीक्षणका लागि मात्र होइन कि योग्यता विकासका लागि स्तरीय सिकाइका लागि पनि यो फलदायी मानिन्छ भने स्वभावतः लचिलो एवंम् प्रविधि मैत्री पनि हुन्छ (मुजम्दर, २०१०)।

यसमा खासगरी आन्तरिक र बाह्य दुई प्रकारको मूल्याङ्कन प्रक्रिया अपनाइएको पाइन्छ। त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्कायले सञ्चालन गरेको स्नातकोत्तर तहको आन्तरिक मूल्याङ्कनको ढाँचा अन्तर्गत आन्तरिक मूल्याङ्कनका लागि ४० प्रतिशत अङ्कभार छुट्याइएको छ ( शिक्षाशास्त्र सङ्काय, २०७२)।

सेमेस्टर प्रणालीको पाठ्यक्रमले आन्तरिक मूल्याङ्कनसम्बन्धी नयाँ व्यवस्था गरेपछि यसको प्रयोग हुनथाल्यो। वार्षिक प्रणालीमा भने यस्तो व्यवस्था नभएकोले विषयगत प्राध्यापकहरूमा पनि पाइन्छ। त्यस्तै प्राप्त अङ्क प्रति विद्यार्थीको प्रतिक्रिया कस्तो छ भनी पत्तालगाउन पनि यो लेख तयार पारिएको हो। यसमा मुख्य गरी आन्तरिक मूल्याङ्कन प्रक्रियामा मूल्याङ्कनका लागि निर्धारित गरिएको विभिन्न आधार वा सुचकको प्रयोग र प्रभावकारिता पत्ता लगाउने प्रयास गरिएको छ। यिनीहरूकै विश्लेषणका आधारमा यो लेख तयार पारिएको छ।

***लेख लेखनका उद्देश्यहरू***

१) स्नातकोत्तर तहमा सेमेस्टर प्रणालीको आन्तरिक मूल्याङ्कन प्रक्रियाको वर्तमान अवस्था पहिचान गर्नु ।

२) आन्तरिक मूल्याङ्कन प्रक्रियामा देखिएका समस्याहरू पहिल्याउनु ।

३) आन्तरिक मूल्याङ्कन प्रक्रियामा देखिएका समस्या समाधानका उपायहरू सुझाउनु ।

**विधि र सामग्री**

प्रस्तुत लेख विभिन्न हिसाबले प्रत्यक्ष अवलोकन, दस्तावेजको अध्ययन, छलफल, अन्तर्वार्ताका आधारमा आएको नतिजालाई विश्लेषण गरी तयार पारिएको छ । यसमा खासगरी धनकुटा बहुमुखी क्याम्पसमा शिक्षाशास्त्र सङ्कायतर्फका स्नातकोत्तर तहमा प्रथम र दोस्रो सेमेस्टरमा अध्ययनरत विद्यार्थीमध्येबाट २० जनालाई गोला प्रथाबाट छनौट गरी अध्येता आफैँले आन्तरिक मूल्याङ्कनका आधार तथा छनौटमा परेका विद्यार्थीको नामावलीलाई आधारमानी उनीहरूको प्राप्ताङ्क अवलोकन गरी उनीहरूसँग विभिन्न विषयमा छलफल गरी, अन्तर्वार्ता लिई प्राप्त नतिजाहरूलाई गुणात्मक हिसाबले वर्णन गरिएकाले यो अध्ययन कार्य सम्पन्न गर्न गुणात्मक अनुसन्धानको ढाँचा प्रयोग गरिएको छ । सहभागीहरूबाट आएको उत्तरलाई पनि विश्लेषण गरिएको छ भने आन्तरिक मूल्याङ्कनका विभिन्न प्रणालीका वा पद्धतिका विषयमा उनीहरूका प्राप्त नतिजाको अध्ययन गरी प्रभावकारिताका विषयमा निष्कर्ष निकाल्ने प्रयास गरिएको छ ।

**परिणाम र छलफल**

***आन्तरिक मूल्याङ्कनको नीतिगत व्यवस्था***

आन्तरिक मूल्याङ्कनको सान्दर्भिकता सेमेस्टर प्रणालीमा अझ प्रभावकारी हुन्छ । आन्तरिक मूल्याङ्कन नै सेमेस्टरको प्रणालीको मुख्य सकारात्मक पक्ष हो । यस्तो प्रकारको मूल्याङ्कनले अन्तिम मूल्याङ्कनमा पनि महत्वपूर्ण भूमिका निर्वाह गर्छ । कक्षा प्रगति परीक्षणबाट सिकारूमा सिकाइगत प्रगति शिक्षणको प्रभावकारिता पहिचान गर्न सकिन्छ भने पाठ्यक्रमका उद्देश्य प्राप्तितर्फ सिकारुलाई परिलक्षित गर्न सकिन्छ । आन्तरिक मूल्याङ्कनले सिकारूलाई अझ बढी उत्प्रेरित गर्दछ (खनिया, २०१३) । आन्तरिक मूल्याङ्कन एउटा सामाजिक सिकाइका परिवेश हो । जहाँ अन्तरक्रिया र सञ्चारको अभिवृद्धि हुन्छ उद्देश्य प्राप्तिमा छलफल हुन्छ र विद्यार्थी-विद्यार्थी तथा शिक्षक-विद्यार्थीबिच पृष्ठपोषण आदान प्रदान हुन्छ त्यसैले यो शिक्षण सिकाइको सहकार्यात्मक सन्दर्भ हो (फल्चर एण्ड डेभिडसन,

२०११, पृ.२९) ।निर्माणात्मक मूल्याङ्कनबाट शैक्षणिक एकाइमा रहेका सिकाइ जनित कठिनाइहरू पहिचान गर्न सकिन्छ (पाठक, सन् २०१२, पृ.२९) । यस्ता मान्यताले पनि आन्तरिक मूल्याङ्कनको सान्दर्भिकता प्रस्टयाउँछ ।

यो प्रणाली वर्तमान सन्दर्भमा शैक्षिक क्षेत्रमा विश्वका अधिकांश विश्वविद्यालयमा प्रचलित सफल र विद्यार्थी मैत्री कार्यक्रमको रूपमा प्रचलित छ । कुनै विश्वविद्यालयको खास तहको एउटा कार्यक्रम वा सत्र छ महिनामा सम्पन्न गर्नु नै सेमेस्टर प्रणालीको मूल ध्येय हो । विद्यार्थीमा अपेक्षित योग्यता तथा क्षमताको सार्थक विकासका निम्ति सेमेस्टर प्रणालीको उच्च महत्त्व छ । अपेक्षित क्षमता विकास तथा मूल्याङ्कनका निम्ति आन्तरिक मूल्याङ्कनको अहम भूमिका हुने हुँदा साधारणतया सम्पूर्ण मूल्याङ्कनको भारको ४० प्रतिशत अङ्क आन्तरिक मूल्याङ्कन लागि छुट्याइएको हुन्छ र सोही बमोजिम सञ्चालन गरिन्छ । नेपालको सन्दर्भमा पनि त्रिभुवन विश्वविद्यालयले यसैअनुसारको आन्तरिक मूल्याङ्कन प्रक्रियालाई अवलम्बन गरेको छ ।

माथि उल्लेख गरिएअनुसार नै सेमेस्टर प्रणालीअन्तर्गत मूल रूपमा आन्तरिक र बाह्य गरी दुई प्रकारको मूल्याङ्कन प्रक्रिया अपनाइन्छ । जसमा आन्तरिक मूल्याङ्कनलाई ४० प्रतिशत बाह्य मूल्याङ्कनलाई ६० प्रतिशत अङ्क निर्धारण गरेको छ । त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्कायले सञ्चालन गरेको स्नातकोत्तर तहको आन्तरिक मूल्याङ्कनको ढाँचाअनुसार ४० प्रतिशत अङ्क भारलाई निम्नानुसार व्यवस्था गरिएको छ :

**तालिका १**

*स्नातकोत्तर तहको आन्तरिक मूल्याङ्कनको ढाँचा*

| उपस्थिति | शिक्षणमा कक्षा सहभागिता | पहिलो आन्तरिक परीक्षा | दोस्रो आन्तरिक परीक्षा | तेस्रो आन्तरिक परीक्षा | जम्मा |
|---|---|---|---|---|---|
| ५ | ५ | १० | १० | १० | ० |
| | | पहिलो, दोस्रो, र तेस्रो आन्तरिक परीक्षा लिखित, प्रयोगात्मक एवम् परियोजना कार्यबाट गर्ने पनि व्यवस्था छ । | | | |

स्रोत : शिक्षाशास्त्र सङ्काय, २०७२

उक्त पाठ्यक्रमले आन्तरिक परीक्षाका लागि विषय शिक्षकले निम्नलिखित कार्यहरू गर्न लगाउन निर्देश गरेको छ । पहिलो आन्तरिक परीक्षाअन्तर्गत अध्ययन पत्र लेखन, पुस्तक समीक्षा, लेख

पुनरावलोकन, कुनै विषय शीर्षक केन्द्रित अध्ययन पत्र तयारी, आन्तरिक परीक्षा, एकाइ परीक्षा, ज्ञान प्रतिभा परीक्षण आदि । दोस्रो आन्तरिक परीक्षाका लागि विषय शिक्षकले निम्नलिखित कार्यहरू गर्न लगाउने प्रावधान राखेको छ : परियोजना कार्य, अवस्था घट्ना अध्ययन, गोष्ठी, क्षेत्रकार्य, व्यक्तिगत वा समूहगत प्रतिवेदन लेखन द्वितीयक स्रोत सामाग्रीमा आधारित अध्ययनपत्र लेखन पूर्वाध्ययन पुनरावलोकन र अभिलेखीकरण आदि । यसका साथै निम्नानुसारका थप कार्यकलापमा सहभागी बनाई मूल्याङ्कन गर्न सकिने व्यवस्था पनि गरेको छ । पहिलो र दोस्रो आन्तरिक परीक्षामा निम्न किसिमका कार्यहरू समावेश गर्न सकिने छ । पहिलोमा आन्तरिक परीक्षा गृहकार्य पुस्ताकालय कार्य/पुस्तक वा लेख पुनरावलोकनआन्तरिक सुधार परीक्षा लिनु पर्ने, दोस्रोमा परियोजना कार्य/अध्ययन पत्र लेखनका साथै पाठ्यक्रमको स्वरूपअनुसार आन्तरिक सुधार परीक्षा लिनु पर्ने व्यवस्था गरेको छ भने आन्तरिक परीक्षाका अन्य विभिन्न प्रक्रिया र विधि तथा मूल्याङ्कनका सम्बन्धमा सम्बन्धित विभागले तय गरेअनुसार हुने भनिएको छ । त्रि.वि. अन्तर्गतका सबै विभागहरूमा उल्लिखित तरिकाहरूको उपयोगबाट नै आन्तरिक मूल्याङ्कन गरी विद्यार्थीहरू उपलब्धि निर्धारण गरिएको हुन्छ भन्ने विश्वास गरिन्छ । यसरी प्रयोगमा ल्याइएका उपकरणका आधारमा निर्धारण गरिएका उपलब्धिप्रति विद्यार्थीको दृष्टिकोण तथा प्रतिविम्बनको विश्लेषण समकालीन सन्दर्भमा खोज तथा विश्लेषणको विषय बनेको छ (खनाल, २०७६, ख पृ. ६६) ।

आन्तरिक मूल्याङ्गनका विभिन्न विधि प्रक्रिया तथा व्यवस्थाका सम्बन्धमा विद्यार्थीहरूको प्रतिक्रिया एवम् सन्तुष्टिका तह पहिचान गरी विश्लेषण गर्ने उद्देश्यले त्रि.वि.अन्तर्गत धनकुटा बहुमुखी क्याम्पसमा शिक्षाशास्त्र सङ्कायअन्तर्गतका स्नातकोत्तर तहमा अध्ययनरत विद्यार्थीहरूको अभिमत बुझी आन्तरिक मूल्याङ्कन प्रक्रियाको वर्तमान अवस्थामा देखिएका केही समस्या र तिनको समधानका विषयमा तलका बुँदाहरूमा उल्लेख गरिएको छ :

***सेमेस्टर प्रणालीमा आन्तरिक मूल्याङ्कन प्रक्रियाको वर्तमान अवस्था***

सेमेस्टर प्रणालीको आन्तरिक मूल्याङ्कन प्रक्रिया झट्ट हेर्दा झन्झटिलो जस्तो देखिन्छ । वार्षिक प्रणालीमा बानी परेका शिक्षक र विद्यार्थीहरूले पनि यसलाई बोझको रूपमा लिने गरेको भेटियो । खास गरी शिक्षकको काम भनेको पठनपाठन गर्ने मात्र हो । परीक्षाका लागि प्रश्न पत्र निर्माण गर्ने, परीक्षा लिने, उत्तर पुस्तिका परीक्षण गराई नतिजा निकाल्ने काम परीक्षा नियन्त्रण कार्यालयकै हुने हुँदा शिक्षकलाई आन्तरिक मूल्याङ्कनका सम्बन्धमा कुनै चासो वा झन्झट नभएको कुराबताउनुभयो ।

विद्यार्थीहरूसँग गरिएको छलफलका आधारमा पनि सेमेस्टर प्रणालीमा दिनहुँ क्याम्पस आउनुपर्ने हुँदा आफूलाई विषयवस्तुसम्बन्धी धेरै कुरा शिक्षकसँगको अन्तरक्रिया, कक्षाकार्य, गृहकार्य, परियोजनाकार्य, कार्यशालामार्फत् जानकारी भएकाले वार्षिक परीक्षामा समेत यसले धेरै सहयोग पुऱ्याएको र विषयवस्तुमा व्यापक जानकारी उपलब्ध भएको कुरा उनीहरूले बताए भने आफ्नै कक्षा शिक्षकबाट मूल्याङ्कन हुने भएकाले आफ्नो प्राप्ताङ्क पनि राम्रो आएको यथार्थ जानकारी विद्यार्थीबाट पत्ता लाग्यो ।

यसरी सेमेस्टर प्रणालीको आन्तरिक मूल्याङ्कन प्रक्रियाका सम्बन्धमा वास्तविक अवस्था पत्ता लगाउँदा शिक्षक तथा विद्यार्थीहरूबाट मिश्रित प्रतिक्रियाहरू प्राप्त भए सोधिएको अन्तर्वार्ता प्रश्नावली र छलफलका बुदाँलाई पछाडि अनुसूची १ र २ मा राखिएको छ ।

***सेमेस्टर प्रणालीमा आन्तरिक मूल्याङ्कन प्रक्रिया लागु गर्दा आईपरेका कठिनाइ/समस्याहरू***

सेमेस्टर प्रणालीमा आन्तरिक मूल्याङ्कन प्रक्रिया महत्त्वपूर्ण पक्ष हो । यसले विद्यार्थीलाई जहिल्यै पनि अध्ययनमा व्यस्त बनाउछ । नियमित रूपले कलेज जानु पर्ने मूल्याङ्कनको विभिन्न मध्यमबाट जहिल्यै पनि नयाँ कुरा सिक्ने अवसर प्राप्त भइरहने हुँदा कसै कसैको यो प्रणाली नै रोजाइमा परेको छ शिक्षकहरू पनि आफू नियमित हुनुपर्ने नयाँ कुराको खोज अनुसन्धानमा लाग्नुपर्ने विषयवस्तुमा जहिल्यै पनि सक्षम र दक्ष हुनुपर्ने अवस्थाले गर्दा यसलाई तुलनात्मक रूपले सुधारिएको प्रक्रियाको रूपमा लिइन्छ यद्यपिआन्तरिक मूल्याङ्कन प्रक्रिया लागु गर्न त्यति सजिलो छैन यसमा आइपरेका कठिनाइलाई निम्नानुसार उल्लेख गरिएको छ :

***विद्यार्थीको उपस्थितिमा समस्या***

आन्तरिक मूल्याङ्कन प्रक्रियाको सबैभन्दा महत्त्वपूर्ण पक्ष भनेको विद्यार्थीको नियमित उपस्थिति हो । यद्यपि उच्च शिक्षाको पनि यो माथिल्लो तह भएकाले यो तहसम्म आइपुग्दा केही विद्यार्थीले रोजगार प्राप्त गर्न सफल पनि हुन्छन् । यस्तो अवस्थामा त्यस्ता विद्यार्थीहरू नियमित रूपमा कलेजमा आउन असमर्थ हुन्छन् । यद्यपि उनीहरूको भर्ना कलेजले लिएको हुन्छ । आन्तरिक मूल्याङ्कनको मर्मलाई हेर्दा उनीहरू दिनहुँ कलेज आउनु पनि पर्छ यस्तो अवस्थामा उनीहरूले कित रोजगार त्याग्नु पर्ने, कित अध्ययन गर्नु छोड्नु पर्ने अवस्था पनि आउँछ तर यी दुवै कुरा असम्भव छन् । यस्तो अवस्थामा कलेजमानै नआई शिक्षकले नियमितता वापतको अङ्कउक्त विद्यार्थीलाई कसरी दिने ? कलेज नै आउन नसकेको अवस्थामा उपस्थितिमा छुट्याइएको अङ्कनपाए विद्यार्थी अध्ययनको अवसरबाट वञ्चित

हुनुपर्ने हो ? यो कुरा ठुलो समस्या भएको कुरा शिक्षक र विद्यार्थीसँगको छुट्टाछुट्टै छलफलबाट पत्ता लाग्यो भने शिक्षक स्वयम् पनि सधैं सबै परिवेशमा नियमित हुन नसक्ने अवस्था आए यो अझ बढी जटिल बन्छ ।

विद्यार्थी मूल्याङ्कनमा समस्या आन्तरिक मूल्याङ्कनको अर्को समस्या ४० प्रतिशत अङ्कको विद्यार्थीको मूल्याङ्कन गर्ने आधार पनि हो । विद्यार्थी नियमित उपस्थिति हुन नसक्ने अवस्थामा उसलाई कक्षा शिक्षणमा सगभागिता कति अङ्क दिने ?, अङ्क नदिँदा के हुने ?, दिनै पर्छ भने कति दिन मिल्छ ?कि त्यस्तो अवस्थामा शिक्षा लिनबाट नै वञ्चित हुनु पर्छ ? त कतै प्रस्ट जवाफ नभएकाले यो यो प्रक्रिया समस्यामूलक छ भने अर्को मुख्य समस्या तीनपटक लिने आन्तरिक परीक्षा जसमा १० अङ्कका दरले अङ्कभार विभाजन गरिएको हुन्छ । जसमा माथि उल्लेख भएअनुसार नियमित उपस्थिति हुनु नसक्ने विद्यार्थीहरू लागि अध्ययन पत्र लेखन, पुस्तक समीक्षा, लेख पुनरावलोकन, आन्तरिक परीक्षा, एकाइ परीक्षा, ज्ञान प्रतिभा परीक्षण, परियोजना कार्य, गोष्ठी, क्षेत्रकार्य, व्यक्तिगत र समूहगत प्रतिवेदन लेखन जस्ता मूल्याङ्कनका प्रक्रियामा त्यस्ता विद्यार्थीलाई कसरी के का आधारमा अङ्क दिने ?, नदिदाँ के हुने ?, यदि त्यस्ता कार्यमा उपस्थित नहुनेलाई पनि अङ्क दिने हो भने नियमित उपस्थित हुनुको औचित्य के ? भन्ने जस्ता विषयमा शिक्षकलाई ठुलो समस्या भएको कुरा उहाँहरूले जानकारी गराउनुभयो ।

***मूल्याङ्कनमा पूर्वाग्रहको सम्भावना***

आन्तरिक मूल्याङ्कन प्रक्रिया पूर्णतः सम्बन्धित विषय शिक्षकमा नै निर्भर रहने हुँदा को कति उपस्थित भयो कक्षाकार्यमा उसको सहभागिता के कस्तो रह्यो यो सम्बन्धी शिक्षकले नै मूल्याङ्कन गर्ने हुँदा कक्षामा नआउने कक्षाकार्यमा सक्रिय सहभागी नहुने विद्यार्थीले पनि अङ्क पाउन सक्छन् जुन कुरा शिक्षककै हातमा हुन्छ भने १० अङ्कका दरले लिइने ३ वटा परीक्षाको प्रश्नपत्र निर्माण परीक्षा सञ्चालन उत्तर पुस्तिाका परीक्षण र अङ्क प्रदान पनि शिक्षकले नै गर्ने हुँदा यसमा पूर्वाग्रहको सम्भावना बढी हुन सक्छ । त्यसैले यसमा शिक्षक इमान्दार नहुने हो भने सेमेस्टर प्रणालीमा आन्तरिक मूल्याङ्कन प्रक्रियाको औचित्यमा नै प्रश्न चिह्न खडा हुन्छ । धनकुटा पूर्वी पहाडको भौगोलिक जिल्ला नै हो । यहाँ २०७४ सालबाट स्नातकोत्तर तहमा सेमेस्टर प्रणाली लागु भएको हो । समेष्टर प्रणालीमा नियमित हाजिरी हुनु पर्छ भन्ने कुरा जानकारी पाएपछि नै वार्षिक प्रणालीमा जस्तो विद्यार्थी अध्ययन गर्न नै आएनन् । यहाँ नेपाली शिक्षा, अङ्ग्रेजी शिक्षा, शिक्षा योजना तथा व्यवस्थापन र स्वास्थ्य

शारीरिक शिक्षा गरी शिक्षाशास्त्रतर्फ जम्मा चारओटा विषयमा यो तहको अध्ययन अध्यापन हुन्छ । त्यो बेलाको शैक्षिक तथ्याङ्क हेर्दा चारवटा विषयमा जम्मा विद्यार्थी भर्ना सङ्ख्या निम्नानुसार पाइयो :

**तालिका २**

*जम्मा विद्यार्थी भर्ना सङ्ख्या*

| क. सं. | विषय | २०७४ सालको विद्यार्थी भर्ना सङ्ख्या |
|---|---|---|
| १ | नेपाली शिक्षा | ७ जना |
| २ | अङ्ग्रेजी शिक्षा | ११ जना |
| ३ | शिक्षा योजना तथा | ३ जना |
| ४ | व्यवस्थापनस्वास्थ्य शारीरिक शिक्षा | ५ जना |
| जम्मा | | २६ जना |

स्रोत :क्याम्पस अभिलेख, २०७४

यसरी न्यून विद्यार्थी सङ्ख्या भर्ना भएपनि भर्ना भएका मध्ये ५०% विद्यार्थी पनि कक्षामा नियमित अध्ययन गर्न आएनन् । विद्यार्थी उपस्थिति दिनहुँ लिने गरियो । कक्षा सहभागिताअन्तर्गत नमुना पाठ प्रदर्शन, गृहकार्य पनि दिइयो भने तीनपटक १० अङ्कका दरले लिइने परीक्षा सम्बन्धित विषय शिक्षक आफैंले प्रश्नपत्र बनाउने र वास्तविक रूपमा परीक्षा नै लिन थालियो । यस्तो कार्य पश्चात् अर्को वर्षबाट विद्यार्थीको भर्ना दर अझ घट्न थाल्यो । फलस्वरूप २०७५ मा अंग्रेजी शिक्षामा विद्यार्थी भर्ना भएन । २०७६ मा शिक्षा योजना तथा व्यवस्थापन र नेपाली शिक्षामा विद्यार्थी नै भर्ना हुन आएनन् । जसले गर्दा सेमेस्टर प्रणाली प्रति नै प्रश्न चिह्न उठ्न थाल्यो । यसको मुख्य समस्या विश्लेषण गर्दा उच्च शिक्षाको माथिल्लो स्तर भएकाले प्रायः जसो विद्यार्थी कुनै न कुनै पेसामा संलग्न भएकाले दिनहुँ हाजिरी हुन नसक्नु, आन्तरिक परीक्षामा सहभागी हुन नसक्नुले गर्दा समस्या भएको हो । अर्कोतर्फ वार्षिक प्रणालीमा बानी परेका विद्यार्थी सेमेस्टर प्रणालीको झन्झटिलो प्रक्रिया बुझेर नै विद्यार्थी अध्ययन गर्न नआएको कुरा उक्त स्तरमा अध्ययन गर्न आउने विद्यार्थीसँगको छलफलबाट पत्तालाग्यो भने आन्तरिक मूल्याङ्कनको मुख्य समस्या भनेको कक्षामा नियमित आउने, कहिले-कहिले मात्र आउने र आउँदै नआउने विद्यार्थीको मूल्याङ्कन कसरी गर्ने भन्ने नै हो । आन्तरिक मूल्याङ्कन वापत विभिन्न शीर्षक दिइने अङ्क कसरी कस्ता-कस्ता प्रकृतिको विद्यार्थीलाई न्यायोचित रूपमा दिने आउँदै नआउनेलाई असफल गर्न मिल्छ कि मिल्दैन भन्ने नै हो ।वास्तवमा वर्तमान समयमा पनि धनकुटा

क्याम्पसमा विद्यार्थीको आन्तरिक मूल्याङ्कन कसरी गर्ने ? विश्वविद्यालयले निर्धारण गरेको मापदण्डका आधारमा मूल्याङ्कन गर्दा कक्षामा उपस्थित नहुने र तीनपटक लिने परीक्षामा पनि उपस्थित नहुनेलाई के गर्ने भन्ने नै हो ।

**समस्या समाधनका उपायहरू**

आन्तरिक मूल्याङ्कन प्रक्रियालाई व्यवस्थित बनाउने मुख्य उपाय भनेको विद्यार्थीको उपस्थितलाई नियमित बनाउन सक्नु नै हो । यद्यपि यसलाई कसरी कार्यान्वयन गर्ने भन्ने विषय नै प्रमुख समस्या हो माथिल्लो तहमा अध्ययन गर्ने विद्यार्थीलाई कक्षामा नियमित उपस्थित गराउन बाध्य पार्ने समस्या जटिल छ । माथिल्लो तहमा अध्ययन गर्न त्यति सजिलो पनि छैन भने मानिसका व्यक्तिगत समस्या र आफ्नै बाध्यता पनि हुन्छन । त्यसलाई ख्याल गर्नुपर्छ त्यसो भए के गर्ने ?कक्षामा आउनेलाई पढाउने र नआउनेलाई पढ्न नदिने त ? यस सम्बन्धमा विषयमा विश्वविद्यालयले पनि ठोस नीति निर्माण गर्न नसकेको देखिन्छ । नियमित कक्षामा अध्ययन गर्न आउनेलाई गरिने मूल्याङ्कन र नआउनेलाई हुने मूल्याङ्कन पनि समान प्रकृतिको भए यसको औचित्य माथि नै प्रश्न चिह्न खडा हुन्छ । त्यसैले शिक्षकलाई समेत ४० प्रतिशत छुट्याएको अङ्कभारलाई कसरी विभाजन गरी १० नं. का आधारमा लिनु पर्ने ३ वटा परीक्षाको अङ्कन गर्ने अझै जटिल छ त्यसैले सेमेस्टर प्रणालीमा आन्तरिक विद्यार्थी मूल्याङ्कन प्रक्रिया महत्त्वपूर्ण समस्या बनेको छ । यसलाई समधान गर्न विद्यार्थीको उपस्थिति नियमित छैन भने के कारणले त्यस्तो भयो ? धेरै विद्यार्थीले रोजगारको अवसर पाएर भर्ना गरे पनि नियमित अध्ययन गर्न असमर्थ भए विद्यार्थीको अवस्था मनस्थिति कलेजको अवस्था र अवस्थितिलाई ध्यान दिई सकेसम्म सबैलाई कक्षामा उपस्थित गराउने वातावरणको सिर्जना गर्न प्रातःकालीन दिवाकालीन वा रात्रीकालीन कुन समयमा कलेज सञ्चालन गरे विद्यार्थीलाई अनुकूल पर्छ सोही समयमा अध्ययन गर्ने मौका विद्यार्थीलाई उपलब्ध गराउनुपर्छ जसले गर्दा पढ्ने अवसरबाट पनि वञ्चित नहुने र आन्तरिक मूल्याङ्कनका सबै पूर्व सर्तहरू पूरा गर्न सकिने अवस्था आउँछ ।

कक्षामा कुनै कारण बस केही समय उपस्थित हुन नसके विभिन्न सममा लिइने परीक्षा पनि सामेल हुने नसक्दा उनीहरूलाई आधुनिक प्रविधिको प्रयोग गरी कुनै बेला online testलिने Zoomमार्फत पाठ प्रदर्शन गर्न लगाउने परियोजना कार्यको प्रगति बुझाउने गर्दा पनि त्यसलाई मान्यता दिने गर्नुपर्छ ।

त्रिभुवन विश्वविद्यालयले पनि यसरी स्नातकोत्तर तहमा नियमित रूपमा कक्षामा आई पढ्न नसक्ने विद्यार्थीका लागि अन्य कुनै वैकल्पकि विधि अपनाई विद्यार्थीलाई शिक्षा लिनको अवसरबाट वञ्चित गराउनु हुँदैन भने दिनहुँ कलेज आउने र आउन नसक्नेलाई एकै तराजुमा राखेर हेर्नेगर्नु हुँदैन । त्यसो गरे पुनः दिनहुँ आउने विद्यार्थी अन्यायमा पर्छन् । आन्तरिक मूल्याङ्कन प्रक्रिया निर्माणात्मक प्रकृतिको नभई औपचारिक प्रकृतिको मात्र हुन्छ र वार्षिक प्रणाली र यसमा खासै भिन्नता नआई यसको मर्ममा प्रश्न चिह्न उठ्न सक्दछ । त्यसैले विद्यार्थी, शिक्षक, नीतिनिर्माता र सरोकारवाल समयमा नै सचेत भई यसलाई क्रमशः सुधार गर्दै लगि विश्वका अन्य विश्वविद्यालयसँग पनि प्रतिस्पर्धा गर्न सक्ने बनाउनु आजको आवश्यकता हो । पहाडी जिल्लाको धनकुटा क्याम्पसमा जिल्लाभित्र नै स्नातक तहसम्म शिक्षाशास्त्र सङ्कायसम्म पठन पाठन हुने जम्मा ३ ओटा कलेज छन् भने छिमेकी जिल्लाका विद्यार्थी समेत स्नातक तहसम्मको अध्ययन गर्न यहीँ आउँछन् तर स्नातक तह पछिको अध्ययनका लागि भने उनीहरू यहाँ आउँदैनन् । नियमित रूपमा कक्षामा उपस्थित भएर पढ्न सक्ने विद्यार्थी प्रवेश परीक्षा चाहिँ दिने त्यसपछि स्थानान्तरण भई अन्य कलेज जस्तै केन्द्रीय क्याम्पस कीर्तिपुर, ताहाचल र अन्य तराईका छिमेकी जिल्लामा जाने प्रचलन बढेको छ । यस्तो प्रचलनलाई रोकी प्रभावकारी ढङ्गले कार्यक्रम सञ्चालन गर्न के कस्ता विकल्प अपनाउने खोजी गरी प्रयोग गर्न ढिलो पनि भैसकेको छ । जसका लागि विद्यार्थीलाई उनीहरूको फुर्सदको समय मिल्ने गरी अनलाइन कै माध्यमबाट पनि सकिन्छ जसले गर्दा कुनै पनि पेसा व्यवसायमा संलग्न व्यक्तिले घरमा नै बसी अध्ययन गर्ने र त्यसको हाजिरी अभिलेख शिक्षकले राख्ने गर्न सकिन्छ भने सधैँ उपस्थित हुन नसक्ने विद्यार्थीलाई शिक्षकले अध्ययन सामग्री उपलब्ध गराई समय-समयमा सम्पर्क कक्षाको व्यवस्था मिलाउने र ३ पटक लिने परीक्षामा चाहिँ अनिवार्य उपस्थित हुनु पर्ने अवस्था सृजना गरी कार्यक्रमको मर्मलाई पनि ख्याल गर्ने तथा विद्यार्थीको बाध्यतालाई पनि ध्यान दिई आन्तरिक मूल्याङ्न गर्न सके कार्यक्रम चल्नसक्छ अन्यथा सबै विद्यार्थीलाई पढाइमा समान अवसर उपलब्ध गराउने हो भने विश्वविद्यालयले नै यसलाई कसो गर्दा बढी प्रभावकारी हुन्छ, ठोस नीति ल्याउनु पर्ने देखिन्छ ।

**निष्कर्ष**

स्नातकोत्तर तहको सेमेस्टर प्रणालीमा चलिरहेको आन्तरिक मूल्याङ्कन प्रक्रियाको अवस्था अवलोकन गर्दा सेमेस्ट रप्रणाली उच्च शिक्षाको गुणात्मक विकासका लागि आएको एउटा नयाँ अवधारणा हो । विश्वका ठुला र नाम चलेका सबै विश्वविद्यालयमा यही प्रणालीअनुसार पठनपाठन र

विद्यार्थी मूल्याङ्कनसमेत हुँदै आएको छ। नेपालमा पनि दोस्रो उच्च शिक्षा परियोजना २०७० पछि स्नातकोत्तर तहको शिक्षाशास्त्र सङ्कायमा यो प्रणालीको शुभारम्भ भई कार्यान्वयन भएको अवस्था छ। यस प्रणालीमा पठनपाठन नियमित रूपमा हुनु र छोटो-छोटो समयमा मूल्याङ्कन हुनु, मूल्याङ्कन पनि निर्माणात्मक र निर्णयात्मक दुवै प्रकारले हुने हुँदा यसले विद्यार्थीको शैक्षिक उपलब्धिमा सुधार हुँदै आएको पाइन्छ। शिक्षक पनि आफ्नो विषयमा बढी जिम्मेवार हुनुपर्ने आफ्नो विषयको अध्यापन समयमा नै सक्नुपर्ने, परीक्षा लिने प्रश्न पत्र निर्माण गर्ने र मूल्याङ्कन समेत गर्नु पर्ने हुँदा शिक्षकलाई पनि यसले जिम्मेवार बनाउछ तर झन्झटिलो मूल्याङ्कन प्रणाली विद्यार्थीको नियमत उपस्थितिमा समस्या हुनका कारणले मूल्याङ्कनको सबै सूचकहरूको सही प्रयोग गर्न कठिन हुनाले गर्दा यसको मर्मअनुसार प्रयोग त्रिभुवन विश्वविद्यालयले गर्न नसकेको अवस्था छ। शिक्षाशास्त्र सङ्कायमा त अझ बढी विद्यार्थी विद्यालयमा अध्यापन गर्ने शिक्षकहरू पनि हुने हुँदा उनीहरूको नियमितता मानै समस्या देखिएकाले सेमेस्टर प्रणालीको आन्तरिक मूल्याङ्कन प्रक्रियामा मुख्य समस्या देखिएको छ। यसका लागि समयमानै उपयुक्त नीति बनाई सबैलाई पढ्ने वातावरण पनि निर्माण गर्ने र आन्तरिक मूल्याङ्कनका सबै प्रक्रिया नियमअनुसार पुऱ्याउन सके यो अति प्रभावकारी भई अन्तर्राष्ट्रिय बजारमा बिक्न सक्ने नागरिक पनि त्रि.वि. ले उत्पादन गर्न सक्छ।

## सन्दर्भसामग्री सूची

अधिकारी, विष्णुप्रसाद (२०७४), *शिक्षक सेवा आयोग दिग्दर्शन,* आशीष बुक हाउस।

अलि, जे.जी. (सन् १९९६), *वेब्स्टर्स डिक्नरी,* ओन्टेन्हेइमर पब्लिसर्स।

खनाल, पेशल (२०७६, क), *शैक्षिक अनुसान्धान पद्धति,* स्टुडेन्ट बुक्स एण्ड पब्लिसर्स ।

खनाल, राजेन्द्र (२०७६, ख), *विकासको निम्ति शिक्षा,* त्रि.वि, शिक्षा विकास तथा अनुसन्धान केन्द्र।

खनिया, तीर्थराज (सन्२०१३), *इक्जामिनेशन फर इन्ह्यान्सड लर्निङ;*एजुकेशनल एन्ड डिभ्लप्मेन्ट सर्भिस सेन्टर।

त्रिपाठी, सुधा (सन् २०१८), *टियु बुलेटिन स्पेसल,* त्रिभुवन विश्वविद्यालय ।

पाठक, आर.पी. (सन् २०१२), *मिजरमेन्ट एण्ड इभालुएशन इन एजुकेसन,* पियर्सन।

पौडेल, लालु (२०७४), *सेमेस्टरप्रणाली : समस्या र सुधारका उपाय,* २०७४ पौष ११ मा प्रगतिशील प्राध्यापक सङ्गठनद्वाराकीर्तिपुरमा आयोजित अन्तरक्रिया कार्यक्रममा प्रस्तुत अवधारणा पत्र।

फल्चर, जी.एण्ड डेभिड्सन, एफ. (सन् २०११), *ल्याङग्वेज टेस्टिङ एण्ड एसेसमेन्ट,* रट्लेज।

मजुम्दर, मस्ताज (सन् २०१०), *इन्ट्रोडक्सन अफ सेमेस्टर सिस्टम इन इन्डियन कलेज,* २०१० मार्च २१ मा आसाम युनिभर्सिटीमा प्रस्तुत सेमिनर पेपर ।

शिक्षा मन्त्रालय, (२०२८), *राष्ट्रिय शिक्षा पद्धति योजना,* लेखक ।

शिक्षाशास्त्र सङ्काय (२०७२), *नेपाली शिक्षा पाठ्यक्रम,* स्नातकोत्तर तह त्रि.वि. ।

स्नातकोत्तर तहको सेमेस्टरप्रणालीमा आन्तरिक मूल्याङ्कन प्रक्रिया

## अनुसूची १

## शिक्षकसँगको अन्तर्वार्ता प्रश्नावली

शिक्षकको नाम : शैक्षिक योग्यता :

क्याम्पसको नाम : कार्य अनुभव :

१. सेमेस्टरप्रणाली अन्तर्गत विद्यार्थीको आन्तरिक मूल्याङ्कन तपाइँले कसरी गरिरहनु भएको छ ?

२. तपाइँको कक्षामा विद्यार्थीहरू कत्तिको नियमित रूपमा उपस्थित हुन्छन् ?

३. प्रथम, दोस्रो र तेस्रो आन्तरिक परीक्षा कसरी गर्नुहुन्छ ?

४. सबै विद्यार्थीहरू सधैँ कक्षामा आउँछन् ? आउँदैनन् भने किन नआएका होलान् ?

५. नियमित रूपमा कक्षामा उपस्थित हुन नसक्ने विद्यार्थीको मूल्याङ्कन तपाइँ कसरी गर्नुहुन्छ ?

६. यदि कोही नियमित नै आउँछन् र कोही नियमित आउँदैनन् भने त्यस्तो अवस्थामा ती दुई प्रकारका विद्यार्थीको मूल्याङ्कन तपाइँ कसरी गर्नुहुन्छ ?

७. वार्षिक प्रणाली अनुरूपको पठनपाठन तथा विद्यार्थी मूल्याङ्कन प्रणाली तथा सेमेस्टरप्रणालीअन्तर्गतको पठनपाठन र विद्यार्थी मूल्याङ्कन प्रणालीमा तपाइँलाई कुन सजिलो लागेको थियो ?

८. सेमेस्टरप्रणालीमा विद्यार्थीको आन्तरिक मूल्याङ्कन प्रणालीमा देखिएका कमजोरी सुधार गर्न तपाइँको विचारमा के गर्नुपर्ला ?

स्नातकोत्तर तहको सेमेस्टरप्रणालीमा आन्तरिक मूल्याङ्कन प्रक्रिया

**अनुसूची २**

**विद्यार्थीसँगको अन्तर्वार्ता प्रश्नावली**

विद्यार्थीको नाम : तह :

क्याम्पसको नाम : विषय :

१. तपाइँ क्याम्पसमा कत्तिको नियमति रूपमा आउनुहुन्छ? आउनुहुन्न भने किन नआउनु भएको?

२. सेमेस्टरप्रणालीमा तीनपटक दिनुपर्ने १०-१० अङ्कका दरले हुने परीक्षा तपाइँको क्याम्पसमा कसरी सञ्चालन भएको छ ?त्यसमा तपाइँ सहभागी हुनुहुन्छ ?

३. शिक्षकले कक्षामा नियमित उपस्थित हुने विद्यार्थी र हुन नसक्ने विद्यार्थीहरूको उपस्थिति वापतको अङ्क कसरी दिने गरेको पाउनु भएको छ ?

४. तपाइँलाई वार्षिक प्रणाली अनुरूप पठन पाठन हुँदाको मूल्याङ्कन प्रणाली र सेमेस्टरप्रणालीअन्तर्गत हुने आन्तरिक मूल्याङ्कन प्रणालीमा कुन बढी प्रभावकारी लाग्यो ?

५. तपाइँको कक्षामा शिक्षकले लिने गरेको आन्तरिक मूल्याङ्कन प्रक्रियाअन्तर्गतको परीक्षामा सबै विद्यार्थी उत्तीर्ण हुन्छन् ? आन्तरिक परीक्षामा नै उत्तीर्ण हुँदैनन् भने तिनीहरूलाई के व्यवस्था छ? यदि सबै हुन्छन् भने कसरी त्यस्तो सम्भव हुन्छ ?

६. आन्तरिक मूल्याङ्कन प्रक्रियामा केही कमजोरी देख्नु भएको छ ? छ भने त्यसलाई सुधार गर्न के गर्नुपर्ला?